# काभ्रेपलाञ्चोक जिल्ला अदालतको

## सेवा संचालन प्रवाह संबन्धी सूचना

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को उच्च जोखिमलाई दृष्टिगत गरी संभावित संक्रमणबाट अदालतका सेवाग्राही, कानून व्यवसायी तथा कर्मचारीहरु समेतको सुरक्षाको लागि सर्वोच्च अदालतका विभिन्न मितिका आदेश तथा परिपत्रानुसार र सम्मानित उच्च अदालत पाटनको सहमति अनुसार यस अदालतमा मिति २०७७।५।३ मा बसेको पूर्ण वैठकले अत्यावश्यक सेवा बाहेक अन्य नियमित सेवा स्थगन गर्ने निर्णय गरेको बेहोरा विदितै छ ।

हाल कोरोना संक्रमणको अन्त्य हुने सुनिश्चितता नभएको र लामो समयसम्म सेवा स्थगन गर्न समेत मनासिव नहुने हुँदा जिल्ला सरकारी वकील कार्यालयका जिल्ला न्यायाधिवक्ता, काभ्रेपलाञ्चोक वार इकाईका पदाधिकारी तथा कानून व्यवसायीहरु समेतको मिति २०७७।५।२६ गते बसेको बैठकबाट सबै कानून व्यवसायी, अदालतका जनशक्ति र सेवाग्राहीहरु समेतले भिडभाड नहुने गरी स्वास्थ्य सुरक्षाका न्यूनतम मापदण्ड अपनाउदै पूर्ववत सेवाका अतिरिक्त देहायका सेवाहरु समेत संचालन गरिने बेहोरा संबन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै यसविचमा सम्मानित सर्वोच्च अदालत र उच्च अदालत पाटनबाट कुनै आदेश वा परिपत्र भएमा सोही बमोजिम हुने बेहोरा समेत अनुरोध छ ।

१. मिति २०७७।५।२८ गतेबाट दैनिक २ वटासम्म फिराद पत्र दर्ता गर्ने । तर फिराद गर्ने पक्षहरु ७० वर्ष भन्दा माथिको बृद्ध, अशक्त तथा बालबालिका सम्मिलित पक्षले फिराद दर्ता गर्न ल्याएमा २ वटाको हद नलाग्ने।

२. प्रतिउत्तरपत्रहरु दर्ता हुन आएमा अदालतको कार्यवोझका आधारमा संभव भएसम्म उसै दिन दर्ता गर्ने

३. मिलापत्र गर्ने गरी दर्ता हुन आएका संबन्धविच्छेदको निवेदन ,प्रतिउत्तरपत्र र मिलापत्रको संयुक्त निवेदन दर्ता हुन आएमा मिलापत्र हुन सक्ने रहेछ भने उसै दिन मिलापत्र गरिदिने । अन्य विचाराधिन मुद्दामा मिलापत्रको संयुक्त निवेदन दर्ता हुन आएमा र मुद्दा फिर्ताको निवदेन दर्ता हुन आएमा मिलापत्र वा मुद्दा फिर्ता हुन सक्ने रहेछ भने दिनमा २ वटासम्म मुद्दामा मिलापत्र गरिदिने र मुद्दा फिर्ता गरिदिने ।

४. अङ्ग पुगेका थुनुवा मुद्दा र अङ्ग पुगेका वालइजासबाट हेरिने मुद्दाहरुको सुनुवाई गर्ने ।

५. अधिकृतबारेशनामा दैनिक ३ वटासम्म प्रमाणित गर्ने ।

६. दर्ता विवाहका निवेदनहरु दैनिक एक वटा मात्र गर्ने ।

७. थुनुवा रहेका मुद्दाहरुमा बन्दाबन्दीको अवधि भन्दा अगाडी बकपत्रको आदेश भई सो आदेश कार्यान्वयन भएको रहेनछ भने त्यस्ता मुद्दा साधसोधका लागि इजलास समक्ष पेश गरी भएका आदेशानुसार गर्ने ।

८. जग्गा रोक्काको निवेदन परेमा दिनमा ३ वटा निवेदनसम्म पूर्ववत व्यवस्था बमोजिम सुनुवाई गर्ने।

९. यस अदालतमा हदम्याद, म्याद, तारिखमा उपस्थित हुनुपर्ने अवस्थाका यस जिल्लाभित्रका सेवाग्राहीहरु मिति २०७७।६।१ गतेदेखि बाटाका म्याद बाहेक ३० (तीस) दिनभित्र अदालतमा उपस्थित हुने ।

१०. यस जिल्ला बाहेक अन्यत्र जिल्लामा सार्वजनिक यातायातका साधन तथा हवाई उडानहरु औपचारिक रुपमा संचालनमा आएपछी सोही मितिबाट अदालतमा हदम्याद, म्याद, तारेखमा उपस्थित हुनुपर्ने सेवाग्राहीहरुले बाटाका म्याद बाहेक ३०(तीस) दिन भित्र अदालतमा उपस्थित हुने।

श्रेस्तेदार(उपसचिव)